# आर्थिक वर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम

`

## गल्याङ नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
### गल्याङ, स्याङ्जा,गण्डकी प्रदेश ,नेपाल

# ९ औं नगरसभाको बैठकमा

# नगरकार्यपालिकाका प्रमुख एवं नगरसभाका अध्यक्ष

# भुपराज अधिकारीबाट

# प्रस्तुत

# आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम


गल्याङ नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल


वि.सं.२०७८ साल असार१०गते

**नगरसभाका सदस्यहरु,**

- आज म कोभिड-१९ को नँया भेरियन्ट सहित दोस्रो लहरको महामारी चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा  गल्याङ नगरपालिकाको ९ औं नगरसभाको बैठकमा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।
- नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान,स्थानीय सरकार संचलन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य,स्थानीय विकास रणनीति, नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षिय योजना र संघ तथा प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिएको छु।
- नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरुमा  आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु। ति आन्दोलनहरुको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुलाई उच्च सम्मान व्यक्त गर्दछु, साथै नेपाली  समाजको रुपान्तरणका लागि पुर्‍याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु।
- कोरोना भाइरस कोभिड-१९ महामारीका कारण विश्व नै आक्रान्त छ र त्यसको जोखिम र असहज परिस्थितिबाट हामी पनि मुक्त छैनौ।कोभिड-१९ महामारीको असरलाई न्यूनीकरण गर्ने जनजीवन सामान्य बनाउने कार्य चुनौतिपूर्ण छ। मानव जातिमाथि ठूलो  संकट पैदा भएको छ विश्वस्तर-मै यस महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन्।सीमित श्रोत र साधनका बावजुद अन्तिमसम्म प्रयास गर्दा गर्दै पनि केही नगरवासीले आफ्नो

जीवन गुमाउनु भएको छ उहाँहरुको अपुरणीय क्षतिको शुन्यता हामी माझ सदैव रहनेछ। कठीन यस परिस्थितिमा संक्रमित भईज्यान गुमाउनुहुने महानुभावहरुलाई स्मरण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। साथै उपचारत सम्पुर्ण दिदी बहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

- ❖ कोभिड-१९ को संक्रमण प्रारम्भ भए लगतै अवलम्वन गरेको रणनीति समन्वयात्मक भूमिका एवम् सबै नागरिकको एकता धैर्यता र सहयोगले यस रोगको संक्रमण नियन्त्रण रोकथाम र उपचार गरी जीवन रक्षा गर्न हामी लागि परेका छौं। जोखिमपूर्ण परिस्थितिमा अग्रपक्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, एम्बुलेन्स चालक लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको उच्च प्रशंसा गर्दछु। अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघ-सस्थांलाई आभार प्रकट गर्न चाहान्छु। कोभिड-१९संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय सरकारले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु।
- ❖ कोभिड-१९ रोकथाम तथा नियन्त्रण र उपचारको कार्यमा योगदान पुर्याउनुहुने संघ प्रदेश र स्थानीय तहका जनप्रतिनिधी राजनीतिक दल निजी तथा व्यवसायीक क्षेत्र सञ्चारजगत र कोरोना रोकथाम नियन्त्रण र उपचारको लागि सहयोग उपलब्ध गराउने सबै सहयोगि हातहरुलाई धन्यवाद दिन चाहन्छु उक्त सहयोग पारदर्शीरुपमा खर्च हुने तथ्यमा आश्वस्त तुल्याउन चाहान्छु। निषेधाज्ञाको अवस्थामा औषधी खाद्यवस्तु लगायत उत्पादनमुलक उपभोग्य वस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था गरिएको छ। निषेधाज्ञाबाट प्रभावित गरिव, असहाय तथा विपन्न परिवार, दैनिक कमाई गरि जीवनयापन गर्ने व्यक्ति तथा कोभिड-१९ का कारण सिर्जित अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरि राहत उपलब्ध गराइएको छ।

**नगरसभाका सदस्यहरु,**

नेपालको संविधान जारी भए संगै संघीय शासन प्रणाली संस्थागत गर्नको लागि संवत २०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई हामीले कार्यभार सम्हालेको ४ वर्ष पुरा भइ पाचौं वर्षमा प्रवेश गरेको छ यो अवधिमा लिइएका नीति तथा कार्यक्रम कार्यान्वयन मार्फत नगरपालिकाको समग्र विकासमा दिगो प्रगति हासिल गर्न सफल भएको छ।चालु आ. व. को अन्तिम चौमासिक सुरु सँगै गल्याङ नगरपालिकामा कोभिड-१९ को संक्रमण देखा परेको छ।लक्ष्य र योजना साथ अघि बढ्न व्यवधान आएको छ, विकासका आकांक्षा र गतिमा असर पुगेको छ।यस महामारीका कारण स्थानीय सरकारले स्वास्थ्य, शिक्षा, रोजगारी र आर्थिक पुर्नउत्थान लाई मुख्य प्राथमिकतामा समावेश गर्नु परेको छ।निशेधाज्ञाको अवस्थाका बावजुद पनि सामाजिक दुरी कायम गर्ने सुरक्षा प्रवन्ध मिलाई विकास निर्माण कार्यलाई निरन्तरता दिइ रहेको अवस्था छ। कृषिमा उत्पादन बढाउन व्यवसायिकरण,आयआर्जनका लागि पशुपालनमा वृद्धि,यातायातमा पहुचँ वृद्धि गर्न साँघुरा सडकहरु विस्तार, खेतियोग्य जमिनका लागि सिंचाई संरचना निर्माण,एक घर एक धाराको अवधारणामा सुरक्षित खानेपानी आपूर्ति, स्वरोजगारी उन्मुख रोजगार मुलक उद्यमको विकास, पर्यटकिय क्षेत्रको विस्तार मार्फत विकासमा स्थायित्व कायम हुदै गएको छ।

अब म विषयगत तथा क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**१.स्वास्थ्य सम्बन्धी नीतिः**

- कोभिड-१९ को उपचार रोकथाम तथा नियन्त्रणको लागि गल्याङ नगर अस्पताललाई कोभिड उपचार केन्द्रको रुपमा रुपान्तरण गरि कोरोना संक्रमित नागरिकको निशुल्क उपचारको व्यवस्था मिलाइने छ।
- आधारभुत स्वास्थ्य सेवामा नगरवासीको सहज पँहुचका लागि संघ र प्रदेशको सहकार्यमा गल्याङ नगर अस्पताल सुदृढिकरण तथा क्षमता विस्तार गरि विशेषज्ञ सेवा सहित २५ शैयाको अस्पतालमा स्तरोन्नति गरिनेछ ।

- गरिव, अपाङ्ग, असहाय, दीर्घ रोगी, गर्भवती महिला, नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य सुधारका कार्यक्रम संचालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ।
- पूर्ण खोप सुनिश्चितताको दिगोपनका लागि पूर्ण खोप कार्डको व्यवस्था गरिनेछ।नागरिकको घरदैलोमा स्वास्थ्य पहुँच पुर्याउन महिला स्वास्थ्य स्वयसेविकालाई परिचालन गरिने छ।
- महिला स्वास्थ्य संयमसेविकाको सेवालाई थप प्रभावकारी बनाउन प्रोत्साहनका कार्यक्रम अगाडी बढाइने छ। त्यसका लागि अक्षयकोष स्थापना तथा संचालन गरिने छ।महिला स्वंमसेविकाको परिवारको निशुल्क स्वास्थ्य विमा गरिने छ।
- समुदायमा आधारित स्वास्थ्य स्वयसेवक, स्वास्थ्य आमा समुह, टोल विकास संस्था, सहकारी, युवा क्लव, बाल क्लव जस्ता संघ संस्था परिचालन गरि सामुदायिक स्वास्थ्य कार्यक्रम संचालन गरिने छ।
- नगरभित्र पाठेघरको क्यान्सरको पहिचान तथा मृगौला परीक्षणको दायरा फराकिलो बनाई समयमा नै रोग पहिचान गरि रुग्णता तथा मृत्युदर कम गरिने छ।
- प्राकृतिक प्रकोप तथा विभिन्न महामारी आउन सक्ने जनस्वास्थ्य विपद पहिचान नियन्त्रण तथा उपचारका लागि स्वास्थ्यकर्मी सहिको **Rapid Response Team** लाई तयारी अवस्थामा राखी परिचालन गरिने छ।
- कोभिड-१९ तथा प्राकृतिक विपद रोकथाम तथा नियन्त्रणका लागि छुट्टै कोषको व्यवस्था गरी सरकारी निजी र अन्य क्षेत्रबाट प्राप्त हुने रकम पारदर्शी रुपले परिचालन गरिने छ।

- संघ र प्रदेश सरकारको सहकार्यमा गल्याङ नगर अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम मार्फत सुरु सेवा विन्दुको सेवा सहित स्वास्थ्य सुरक्षण प्रदान गरिनेछ ।

- बोटे, माझी, भुजेल लगायत अति विपन्न, गरिव, सिमान्तकृत,दलित समुदाय,एकल महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिकलाई स्वास्थ्य बिमा प्रिमियममा अनुदान प्रदान गरिनेछ।
- स्वास्थ्य संस्था नभएका वडा नं. ३, ५ र १० मा आधारभुत सेवा सहित स्वास्थ्य चौकी संचालन गरिने छ। जिमुहा, वेलचौर र पेलाकोटमा शहरी स्वास्थ्य ईकाइ स्थापना गरिने छ।
- गल्याङ नगरपालिकामा सुविधासम्पन्न प्राकृतिक चिकित्सा सहितको १५ शैयाको आयुर्बेद अस्पताल स्थापनाका लागि आवश्यक जग्गा तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरि कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र सोको ब्यबस्थापन समितिको क्षमता विकास गरि नगरपालिकाको अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
- बिद्यालयमा स्वास्थ्य शिक्षा र गाउमा गाउँघर क्लिनिक तथा स्वास्थ्य शिविर अभियानका रुपमा संचालन गरिनेछ।
- वर्थिङ सेन्टर थप गरि उपकरणयुक्त बनाई गुणस्तरीय सेवा प्रवाह गरिने छ।
- कोभिड-१९ बाट गाउ समाजलाई सुरक्षित राख्न प्रभावकारी कदम चालिने छ। फ्रन्टलाइनमा रहेर सेवा गर्ने डाक्टर नर्स स्वास्थ्यकर्मीको मनोबल उच्च राख्न विशेष प्रोत्साहन सुविधाको व्यवस्था गरिने छ।साथै कोभिड-१९ का कारण मृत्यु हुनुभएका नागरिकहरुलाई जनही २५ हजार प्रदान गरिने छ, कोभिड १९ का कारण हुन सक्ने सम्भावित मानविय क्षतिलाई न्यूनिकरण गर्न छुट्टै राहत कार्यक्रम संचालन गरिने छ।
- महिला शिक्षकलाई प्रजनन स्वास्थ्य सम्बन्धी तालिम दिई छात्राहरुको प्रजनन स्वास्थ्य सम्बन्धि प्रारम्भिक समस्या समाधान गरिने छ।
- नगर क्षेत्रभित्र **"छुर्पि खाऔं, सुर्ती हटाऔं"** अभियानलाई निरन्तरता दिँदै युवाहरुलाई धुम्रपान, मद्यपान तथा लागूऔषध प्रयोगमा निरुत्साहित गरिनेछ ।
- संघ र प्रदेशको सहकार्यमा धुम्रपान तथा मद्यपानको नियमनगरी सार्वजनिक स्थललाई धुम्रपानतथा मद्यपानमुक्त क्षेत्र बनाइनेछ।

- सबै वडाका स्वास्थ्य संस्थामा सडक संजालले जोडी नगरपालिकामा एम्बुलेन्स सेवा विस्तार एवं व्यवस्थित गरिने छ। टोल विकास समुह, संगठित संस्था, आमा समुह, युवा क्लव लाई आधारभूत स्वास्थ्य तालिम संचालन गरिने छ।
- सम्पूर्ण नगरवासीको स्वास्थ्य अवस्थाको जानकारी राखी तथ्याङ्कीकरण गरिने छ प्रत्येक नगरबासीको स्वास्थ्य अवस्था प्रत्येक स्वास्थ्य संस्थामा विद्युतीय अभिलेख र प्रतिवेदन गर्ने कार्यलाई थप व्यवस्थित गरिने छ। समाजमा रहेका विभिन्न अस्वस्थ्य नागरिक तथा दिर्घ रोगीको रोगको अवस्था पत्ता लगाउन **Diseases Screening** कार्यक्रम संचालन गरिने छ।

**२.शिक्षा सम्बन्धी नीतिः**

शिक्षा क्षेत्रमा कोभिड-१९ले पारेको प्रभावका कारण विद्यालय तहका वालवालिकाहरुमा पर्न सक्ने गम्भिर असरलाई न्यूनिकरण गर्न स्थानीय शिक्षा सम्बन्धी नीति कार्यान्वयन गरी विद्यालय व्यवस्थापन, शिक्षक दरबन्दी मिलान, नगर क्षेत्रभित्र शिक्षक सरुवा, रिक्त दरबन्दीमा करार शिक्षकको व्यवस्था, नमूना विद्यालयको विकास, पूर्वप्राथमिक कक्षा विद्यालयहरुमा संचालन, अशक्त विद्यार्थीलाई आवासीय सुबिधा उपलब्ध गराउदै सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमको पढाइका साथसाथै प्राविधिक शिक्षा पठनपाठन लाई निरन्तरता दिइने छ।

- आधारभुत तथा माद्यमिक शिक्षामा सबैको समान पहुँच बिस्तार गरी जिवनोपयोगी शिक्षा प्रदान गरि स्वरोजगार श्रृजना गर्ने नीति अवलम्बन गरिनेछ ।
- शिक्षकहरुलाई प्रविधिको माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न सक्ने सीप हासिल गराउन सबै शिक्षकहरुलाई क्षमता विकास कार्यक्रम संचालन गरिने छ।
- "Best Teacher, Best Classroom and Best Management for Class One" को नीति अवलम्वन गरि शैक्षिक सुधार कार्यक्रम निरन्तरता दिइने छ।
- आधारभूत तथा माध्यामिक शिक्षामा सबैको पहुँच पुग्ने गरि Virtual Class को माध्यमबाट अध्ययन अध्यापन कार्य संचालन गर्नको लागि प्रत्येक विद्यालयमा प्रविधिको विस्तार गरिने छ।
- प्रदेश सरकारको सहलगानीमा सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ ।

- ❖ विद्यालयहरुलाई जनसंख्याको बनोट, भौगोलिक अवस्थाको आधारमा विद्यार्थी कम भएका विद्यालयहरुलाई समायोजन गरि साधन स्रोत युक्त बनाई यातायातको सुविधा वृद्धि गरि विद्यालयको पहुँच सहज बनाइने छ।
- ❖ नगरपालिका स्तरीय  अतिरिक्त क्रियाकलाप (खेलकुद हाजिरीजवाफ वतृत्वकला संगीत) संचालन गरिने छ।
- ❖ शिक्षकको शिक्षण सिकाई सीपमा सुधार ल्याउन क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- ❖ प्रदेश सरकारसंगको सहकार्यमा दरवन्दी मिलान भई मर्ज भएका विद्यालयहरु र अपांग विद्यार्थीहरुका लागि आवासिय सेवा तथा यातायात व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ विद्यार्थीहरुको आफ्नो मातृभाषामा आधारभूत तहको कक्षा संचालन गर्ने विद्यालयलाई विशेष अनुदान प्रदान गरिने छ।
- ❖ अभिभावकहरुले वालवालिकालाई घर तथा विद्यालयको वातावरणले पार्ने मनोवैज्ञानिक असको बारेमा सचेत तुल्याउन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ।
- ❖ एक विद्यालय एक फुलबारी कार्यक्रम संचालन गरिने छ।
- ❖ स्थानीय संस्कृति, रीतिरीवाज, परम्परा ऐतिहासिक स्थल, मठ मन्दिर, प्राकृतिक स्थलका बारेमा स्थानीय पाठ्यक्रम निर्माण गरि पठनपाठनको व्यवस्था गरिने छ।
- ❖ प्राविधिक शिक्षा संचालनका लागि आवश्यक शिक्षक दरवन्दी मर्ज हुने विद्यालयबाट फाजिल हुने दरवन्दीबाट व्यवस्थापन गरिनेछ ।
- ❖ उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम संञ्चालन गरिने छ।
- ❖ निवृत्तभरण उमेर पुगेका शिक्षकले स्वेच्छिक अवकाश लिन चाहेको अबस्थामा नगरबाट समेत सम्मानको व्यवस्था मिलाइनेछ ।
- ❖ बिद्यार्थीका नजरमा शिक्षक र बिद्यार्थी प्रतिभा पहिचान कार्यक्रम संचालन गर्दै नमुना विद्यालयको शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाई शैक्षिक गुणस्तरमा अभिवृद्धि गरिने छ ।

- ❖ असल खानपान र शारीरिक तन्दुरुस्ति संबन्धी शिक्षाका लागि ***एक विद्यालय एक योग गुरु*** बनाउन योगा प्रशिक्षक प्रशिक्षण संचालन गरिने छ।
- ❖ सामुदायिक विद्यालयमा संघीय सरकारको कार्यक्रम बमोजिम  दिवा खाजा कार्यक्रम संचालन गरिनेछ ।
- ❖ प्रारम्भिक बाल विकास केन्द्रका सहयोगी तथा विद्यालय कर्मचारीलाई क्षमता विकास कार्यक्रम संचालन गरिने छ।साथै नेपाल सरकारको न्यूनतम पारिश्रमिकमा अपुग रकम व्यवस्था गरिने छ।
- ❖ नगरभित्रका प्राविधिक विद्यालयहरुलाई आवश्यक प्राविधिक तथा आर्थिक सहायता प्रदान गरिने छ।
- ❖ नगरभित्रका निजी तथा सार्वजनिक क्याम्पसहरुलाई संघ र प्रदेश सरकारसंगको सहकार्यमा आवश्यक पूर्वाधार तथा संचालन अनुदान प्रदान गरिने छ।
- ❖ निजी तथा संस्थागत विद्यालयहरुलाई विद्यार्थीको क्षमता विकासका लागि रचनात्मक क्रियाकलाप संचालनको लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिने छ।

- ❖ प्रत्येक सामुदायिक विद्यालयमा फष्ट एड**(First Aid)** र छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड  सामग्री उपलब्ध गराउने नीति लिइने छ।
- ❖ शैक्षिक संस्था,आमा समुह, रेडक्रस, युवा क्लव र विभिन्न गैरसरकारी संस्थाहरुको सहकार्यमा युवा परिचालन गरि मानविय सेवा, विपद व्यवस्थापन तथा वातावरण संरक्षण जस्ता कार्यलाई प्रभावकारी बनाइने छ।
- ❖ अनौपचारिक शिक्षा तथा वैकल्पिक शिकाई मार्फत विकास भएका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसंग आवद्ध गरि सहकारीको माध्यमबाट आयआर्जनका स्रोतहरुको पहिचान गरिनेछ।
- ❖ कक्षा ३, ५ र ८ को नगरस्तरीय स्तरमापन परीक्षा संचालन गरिने छ। उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरिने छ।
- ❖ नगरभित्रका विद्यालयहरुमा सूचना प्रविधिको विस्तार र विज्ञान प्रयोगशाला निर्माण तथा सुधारमा जोड दिइनेछ।

- ❖ उत्कृष्ट जेहन्दार गरिव विद्यार्थी लाई मेयर छात्रवृति कार्यक्रम संचालन गरिने छ।

## ३.कृषि तथा पशुपन्क्षी विकास सम्बन्धी नीतिः

आर्थिक विकासको आधारको रुपमा कृषि, खाद्य सुरक्षा तथा पोषण, पशुपालन, सहकारी, उद्योग तथा वाणिज्य, जलस्रोत, भुमि व्यवस्थापन, सिंचाई, वन, प्राकृतिक सुन्दरता तथा जैविक विविधता साथै पर्यटन पुर्वाधारको विकास निजी क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गरि सहकारी क्षेत्रको प्रवर्द्धन मार्फत उद्योग तथा वाणिज्य क्षेत्रको सुदृढीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा बिशेष जोड दिइनेछ।

- ❖ कोभिड-१९ का कारण रोजगारी गुमाएका र रोजगारी गुम्ने जोखिममा रहेका नागरिकको कृषिको माध्यमबाट खाद्य सुरक्षा, रोजगारी सिर्जना गरि आयआर्जन मार्फत जीवनस्तर उकास्न कृषि तथा पशुपालनको विकासमा विशेष ध्यान दिइनेछ।
- ❖ कृषक समूह तथा कृषि सहकारी संस्थाहरूलाई कृषि प्रसार कार्यक्रमको संवाहकको रुपमा अंगीकार गरि कृषि विकास कार्यक्रम सञ्चालन गर्ने र क्रमिक रूपमा कृषक समुहलाई उत्पादनमुलक कृषि सहकारीमा परिणत गर्दै लगिनेछ।
- ❖ कृषिमा संलग्न जनशक्तिको सीप, क्षमता एवं दक्षता विस्तार गर्दै रोजगारीका अवसर अभिवृद्धिका लागि प्रदेश सरकारको सहकार्यमा स्वरोजगारमूलक व्यवसायिक कृषि तालिम, (IPM) कृषि पाठशाला संचालन गरिनेछ ।
- ❖ कृषक समुह पहिचान तथा वर्गिकरण गरि कृषि क्षेत्रको उत्पादनलाई वृद्धि गरिने छ।
- ❖ स्थानीय संभाव्यता र तुलनात्मक लाभको आधारमा बाली र वस्तु विशेषका पकेट क्षेत्रहरुको पहिचान गरि संभाव्य बाली र वस्तुको उत्पादनमा विशिष्टिकरण ल्याइने छ ।

- खाद्य तथा पोषण सुरक्षाका दृष्टिकोणबाट संवेदनशील र खाद्यान्न उत्पादन न्यून हुने गाँउहरुमा स्थानीयस्तरमा उत्पादन हुन सक्ने कृषि वस्तुको उत्पादन तथा उपयोग गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ।
- उद्यमी कृषक एवं निजी क्षेत्रको सहभागीतामा कृषि प्रविधिको विकास एवं प्रसार, श्रोत तथा वितरण केन्द्रहरुको विकास र विस्तार गरि उत्पादित वस्तुहरुको आपूर्तिमा स्थायित्व ल्याइने छ ।
- मूल्य श्रृखंलाको अवधारणामा आधारीत कृषि विकासका कार्यक्रमहरुको कार्यान्वयन गरि कृषिको विविधिकरण,यान्त्रिकरण, व्यवसायीकरण तथा बजारीकरणमा जोड दिइनेछ ।
- सहुलियतपूर्ण कृषि ऋण एंव वाली तथा पशु (गाइ/भैसी वंगुर) विमाको व्यवस्थाका लागि विमा प्रिमियम केन्द्रिय सरकारबाट ७५प्रतिशत र नगरपालिकाबाट २५ प्रतिशत अनुदानको व्यवस्था गरिने छ।
- किसानलाई सस्तो व्याजमा ऋण उपलब्ध गराउन नगर भित्रमा बैक, वित्तिय क्षेत्र, साना किसान कृषि सहकारी, बचत तथा ऋण सहकारी संस्था मार्फत साना किसान विकास बैकबाट ऋणको व्यवस्था गरिने छ।
- वैदेशिक रोजगारीबाट फिर्ता भएका नागरिक,विपन्नवर्ग, एकल फर्मलाई कृषि कार्यका लागि रु २ लाख देखि ५० लाख सम्म बैक कर्जाको व्याजमा अनुदान दिने व्यवस्था मिलाइने छ। कृषिजन्य उद्योग तथा व्यापारमा कर छुट सुविधा समेतको व्यवस्था गर्न जोड दिइनेछ ।
- किसानका सबै पशु र १ रोपनी भन्दा बढि जग्गामा तरकारी खेति गर्ने सबैको निशुल्क विमा गरिने छ।
- एक वडा एक कृषि स्रोत केन्द्र/पशु स्वास्थ्य केन्द्र निर्माण गर्ने नीति अबलम्बन गरिने छ।
- ग्रामीण क्षेत्रमा कृषि उत्पादनका सामग्री, उपकरण, सूचना, र सञ्चारजस्ता साधनहरु उपलब्ध गराउन सामुदायिक व्यवस्थापनमा आधारीत कृषि स्रोतकेन्द्रहरुको स्थापना र सञ्चालन गरिनेछ ।

- ग्रामीण कृषि सडकको विस्तार तथा स्तरोन्नति गरि कृषि उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गरिनेछ।
- कृषि विकाससंग सम्बन्धित सरकारी, गैर सरकारी र निजी क्षेत्रका निकायहरुको समन्वय र साझेदारीमा  कृषि विकास कार्यक्रममा प्रभावकारीता ल्याइनेछ ।
- करार खेती र सहकारी खेतीलाई प्रोत्साहित गर्दै कृषि वस्तु विषयगत सहकारीसंस्था र ग्रामिण स्तरसम्मका कृषि सहकारीको संरचनागत सुधार गरिने छ।
- महिला,दलित,उत्पिडित, जनजाति, असाहय, अनाथ, अपाङ्ग,एकल महिला तथा सिमान्तकृत समुदायको उत्थानमा प्राथमिकता दिई कृषि कार्यक्रमहरु मार्फत विषेश अनुदानको व्यवस्था गरिनेछ ।
- कृषिलाई आधुनिक तथा व्यवसायिक बनाउने उद्देश्यका साथ कृषि मेला, महोत्सव तथा स्थलगत अनुगमनका आधारमा उत्कृष्ट कृषकलाई **नगरप्रमुख पुरस्कार**द्वारा सम्मानित गरिनेछ ।
- आलु पकेट क्षेत्रको रुपमा वडा नं.४  र ११ लाई निरन्तरता दिदै वडा नं.६, ९र १० मा आलु पकेट क्षेत्र विस्तार गरिने छ।
- वडा नं.५ को स्यालबास, वडा नं.७ को सिरौसा र कर्पुदी सहित  वडा नं.५,६,७र१० मा सुन्तला पकेट संचालन गरिने छ त्यस्तै वडा नं. १० र ११ मा  कागति र वडा१,४,९,१० को भिरालेमा र वडा नं.११ मा  एभोगाडो खेति गरि पकेटको रुपमा विस्तार गरिने छ।

- खेतीयोग्य जग्गा लिजमा लिई वेरोजगार युवाहरु लक्षित कृषि प्राविधिकको सहयोगमा  व्यवसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- व्यवसायिक अदुवा खेती विस्तार कार्यक्रमलाई निरन्तरता दिदै नेपाल सरकारसँगको सहकार्यमा मसला वाली विकासका कार्यक्रमहरु संचालन गरिनेछ। मसला बाली जोन कार्यक्रममा टेवा पुर्‍याउनको लागि किसानबाट उत्पादित अदुवा प्रति के जि रु.५० का दरले खरिद गर्ने व्यवस्था मिलाईने छ।

- विभिन्न  नगदे वालि विस्तार गरि सुन्तला कागति को व्यवसायीक उत्पादन क्षमता बढाउन उन्नत जातका वेर्ना वितरण  गरिने छ।
- पशुपंक्षीपालन व्यबसायलाई विविधिकरण, व्यबसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी व्यवसायीक गाई, भैसि,कुखुरा, बाख्रा बंगुरपालन कार्यक्रम तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने र यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउदै लगिने छ ।
- पशुपंछीपालनबाट गरीब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका र उत्पिडित महिला,दलित, जनजाति, असाहय, अनाथ, अपाङ्ग, एकल महिला  तथा सिमान्तकृत समुदायको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन मागमा आधारित विशेष कार्यक्रम संचालन गरिने छ ।
- पशु रोगहरुको नियन्त्रण तथा पशु विमा कार्यक्रममा संघ र प्रदेश सरकारसंग समन्वय गरी निशुल्क बिमाको सुविधा दिइने छ ।
- व्यवसायिक पशुपंछीपालन र कृषि उत्पादन तथा कृषिजन्य उद्योग बीच तादम्यता हुनेगरी कार्यक्रम सञ्चालन गरी स्वरोजगारको अवसरमा वृद्धि गरिनेछ ।
- पशुपालन व्यवसाय अन्तर्गत दुध विक्रिमा दुग्ध संकलन केन्द्रको अभिलेख र पशु सेवा केन्द्रको सिफारिसमा प्रति लिटर १५ रुपैयाँसम्म अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइने छ र दुधपान दिवस मनाउने व्यवस्था गरिने छ। ।
- संघ तथा प्रदेश सरकारसंगको साझेदारीमा बाख्रापालन गर्ने वडालाई बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ।
- नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP) मा आवद्ध समुह, सहकारी र फर्ममा  आउने अनुदानमा सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने छ।
- संघ र प्रदेश सरकारको सहलगानीमा घाँसमा स्रोत केन्द्रको निर्माण गरिने छ।
- कृषकहरुको वर्गिकरण गरि कृषिमा व्यवसायिक कृषि कार्डको व्यवस्था गरिने छ र कृषकहरुको सीप, क्षमता र दक्षता वृद्धि गर्न तालिम,भ्रमणको व्यवस्था गरिने छ।
- कृषकको उत्पादित कृषि उपजको बजार सुनिश्चित गर्न  कृषि उपज ढुवानीका लागि कृषि घुम्ती एम्बुलेन्स सेवा संचालन गरिने छ।

- सघीय सरकारसंगको साझेदारीमा वडा नं.८ र १० मा कालिजपालन कार्यक्रम संचालन गरिने छ।
- प्रस्तावको आधारमा ५० प्रतिशत अनुदानमा कृषि औजार उपकारणमा अनुदान दिने व्यवस्था गरिने छ।

- कृषिमा देखिएको छरिएर रहेको उत्पादनलाई भुगोल क्षेत्र अवस्था हेरी पकेट क्षेत्रको विकास गर्दै लगिने छ। वंगुर, कुखुरा, बाख्रा, गाईभैसीपालनलाई सबै वडामा व्यवसायिक रुपमा विस्तार गरि उत्पादन वृद्धि गर्दै लगिने छ।

**४.सहकारी तथा वित्तीय व्यवस्था सम्बन्धी नीतिः**

- स्थानीय सहकारी कानूनको कार्यान्वयन गरि सहकारी संस्थाको प्रवर्द्धन तथा नियमनका कार्यक्रम संचालन गरिनेछ ।सूचना प्रविधिको प्रयोग गरि सहकारी संस्थाको अनुगमन प्रभावकारी बनाइनेछ।
- बिषयगत सहकारी संस्थाहरुको समन्वय समिति गठन गरि सहकारीहरुको संस्थागत क्षमता अभिबृदिका कार्यक्रम संचालन गरिनेछ ।
- सहकारीसम्बन्धी जनचेतना अभियान तथा क्षमता विकास कार्यक्रम संचालन गरिने छ।
- बेरोजगार श्रमिक, भूमिहीन कृषक, दलित उत्पिडित समुदाय,एकल महिलाहरुको सहकारी संस्था गठन, सहकारी व्यावसायिक योजनाका लागि बीउ पूँजी, स्थिरपुँजी एवं कार्यक्रम अनुदान संचालन गरिनेछ । एकल महिला सहकारीद्धारा संचालित सहकारी संस्थालाई व्यवसायीक कृषि उत्पादन अनुदानको व्यवस्था गरिने छ।
- सहकारी एवं सामुहिक खेति प्रणालीको नीति अवलम्बन गर्दै सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न **“एक सहकारी एक नमुना उत्पादन”** कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- सहकारी सस्तो पसल स्थापनाका लागि कार्यविधि निर्धारण गरि प्रदेश सरकारको साझेदारीमा खाद्य भण्डार पूर्वाधारमा निर्माणमा आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

- वित्तीय संस्थाहरुको तथ्याङ्क अध्यावधिक गर्दै सामाजिक उत्तरदायित्व प्रति जिम्मेवार बनाइने छ।
- नगर भित्रका सहकारी तथा वित्तीय संस्थाहरुको अनुगमन तथा कानुनी निर्देशन मापदण्ड कार्यान्वयन र नियमन कार्यमा विशेष जोड दिइने छ।
- नगरभित्र संचालित वित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरुको लागत को ५ प्रतिशत व्याजदरमा विपन्न कृषि कर्जा लगानी गर्न प्रोत्साहन गरिने छ।

## ५.पर्यटन सम्बन्धी नीतिः

- सेतीवेणी शिला शालिग्राम, रामनदिधाम, तम्किकोट, भाल्थुमकोट, ग्वादी, बजादी, केदारनाथ, तार्सेसिद्ध, रानिपोखरी, बंग्राती कालिका, देवीस्थान, गह्रौसुर, आलमदेवि, जगत्रदेवि, देविभन्ज्याङ,स्यालवास हात्तिस्थान, सम्पास शिला, मनकामना मन्दिर, उत्तरवाहिनी खाडा घाट, पाखिचौर सुनपोखरी, देउराली मन्दिर,गेझा कालिका गहौं भगवती मन्दिर चण्डेश्वरी मन्दिर विभिन्न कालिका मन्दिर लगायतका स्थलहरुलाई विशेष पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।
- सेतिबेणि शिला शालिग्राम र रामनदी धाममा धार्मिक महोत्सब आयोजना गरी आन्तरिक पर्यटन प्रवर्धन गरिनेछ ।
- मालुङ्गा फाट स्थित श्रीराम गुफाको संरक्षण तथा प्रचारप्रसार गरि पर्यटन प्रवर्द्धन गरिने छ।
- वडा नं.१० को देविभञ्ज्याङ पर्यटकिय भ्यू टावर निर्माण गरि पर्यटन पर्वद्धन गरिने छ।
- रामनदिधाम राम्दिलाई विशेष पर्यटकिय क्षेत्रको रुपमा विकास गरि संघ तथा प्रदेश सरकारको सहकार्यमा वृहत गुरुयोजना लाई निरन्तरता दिइने छ।
- रामनदीधाम राम्दी र उत्तरवाहीनी क्षेत्रलाई ध्यान केन्द्र, योग केन्द्र तथा सांस्कृतिक अध्ययन केन्द्रको रुपमा विकास गरिने छ।
- नगर भित्रका ऐतिहासिक पर्यटकीय क्षेत्र रामनदिधाम तथा सेतिवेणि सालिग्राम शिलामा हेलिप्याड निर्माणका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन तयार गरि निर्माण कार्य अगाडी बढाइने छ।

- व्यवस्थित बस्ति भएको गाउमा ग्रामिण पर्यटन विकास गर्न संचालित घरवास पर्यटन (होमस्टे)को सशक्तिकरण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकासमा जोड दिइने छ।

- नेपाल सरकार र प्रदेश सरकारसंगको सहलगानीमा परेवाभिरमा पार्क सहितको पर्यटकीय सेवाहरु उपलब्ध गराउने गरि पुर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने छ। अन्य स्थानहरुमा बन्जीजम्प, टावर, बन्यजन्तु संरक्षण, पैदलयात्राको अध्ययन गरि पुर्वाधारको विकासको लागि सहकार्य गरिने छ ।
- ऐतिहासिक पर्यटन **तम्केकोट पदमार्ग** निर्माण गरि विश्राम स्थलको निर्माण गरिने छ।

**६.उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी नीतिः**

- नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा वडा नं ३ मा पूर्वाधार विकास सहितको एक उद्योगग्राम संचालनमा ल्याइने छ।
- नगर क्षेत्रमा गार्मेन्ट उद्योग स्थापना गर्नका निम्ति सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहित गर्दै गार्मेट उद्योग, अदुवा प्रशोधन केन्द्र स्थापना गरिनेछ ।
- लक्षित समुहलाई सिप विकास तथा प्रविधि हस्तान्तरणमार्फत***एक घर एक सिप*** विकास गरी रोजगारी प्रवर्धन गरिनेछ ।
- परम्परागत सिलाई पेशा अंगाल्दै आएका दलित उत्पिडित समुदायलाई प्रोत्साहित गर्दै सबै वडामा सिलाई तालिम संचालन गरी उद्यमशिलता विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्धनमा जोड दिइने छ। लघू उद्यम कार्यक्रम मार्फत स्थानीय प्रविधि तथा सिप संरक्षण तथा विकास गरिने छ।
- नगरमा रहेको वेरोजगाको तथ्याङ संकलन गरि अभिलेख व्यवस्थापन गरि श्रममा आधारित काम परिचालन गरिने छ।

❖ निकासीजन्य वस्तुहरुको पहिचान गरी उत्पादन तथा प्रशोधन कार्यमा जोड दिइनेछ ।

❖ नगर भित्रका व्यापार व्यवसायलाई दर्ता,नियमन कार्यमा निरन्तरता दिई झिटीगुन्टा व्यापार र दर्ता नगरी संचालन गरेका व्यवसायलाई निरुत्साहित गरीने छ ।

❖ मदिरा तथा सुर्तीजन्य वस्तु विक्री वितरणलाई कानुन बमोजिम व्यवस्थित गरिने छ ।

❖ महामारीका कारण परेका आर्थिक मन्दीका तथा व्यवसायी उत्थान गर्न व्यवसायी शुरु दर्ता तथा नविकरणमा ८० प्रतिशत सम्म छुटको व्यवस्था गरिने छ।

❖ संघ,प्रदेश,स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा अदुवा प्रशोधन उद्योग स्थापना,उन्नत घांस तथा साईलेज फ्याक्ट्रि,मासु प्रशोधन केन्द्र, दुग्ध विविधिकरण,आलु, सुन्तला प्रशोधन उद्योगमा अनुदानको व्यवस्था गरिने छ।

**७.भुमि व्यवस्था सम्बन्धी नीतिः**

❖ सरकारी र सार्वजनिक जग्गाको लगत तयार गरि संरक्षण गर्ने नीति अवलम्बन गरिने छ अतिक्रमित सरकारी र सावर्जनिक जग्गालाई व्यक्तिबाट फिर्ता गराउने नीति लिइने छ ।

❖ सामाजिक संघ संस्थाहरुद्धारा निर्मित संरचनाको अभिलेख राखिने छ।

❖ वैज्ञानिक भुमि व्यवस्थापन गरि भुमिको वर्गिकरण कृषि क्षेत्रको विशेष संरक्षण गरिने छ।

❖ भूमिहिन सुकुम्बासीहरुको एकिकृत वस्ति व्यवस्थापन गरि आवासको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइने छ।

❖ नेपाल सरकारको कार्यक्रम बमोजिम भुमि बैंकको स्थापना गरि बाझो रहेको खेतियोग्य जमिनलाई प्रयोगमा ल्याउने नीति अवलम्बन गरिने छ । त्यस्ता जमिनको लिज समितिको गठन गरि कृषकहरुलाई हस्तान्तरण गर्ने व्यवस्थापन गरिने छ।

❖ भुमि बैंक कार्यक्रममा समावेश नहुने जग्गाधनीको बाँझो जग्गामा थप कर असुली गरिने छ।

## ८. सिंचाई सम्बन्धी नीतिः

- नगरपालिका क्षेत्र भित्र प्रत्येक खेतियोग्य जमिनमा बार्है महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी, सिंचाई पोखरी, सिंचाई कुलो लगायत सिंचाई सुविधाहरु लिने गरि सिंचाई संरचना निर्माण तथा मर्मत सम्भार गरिने छ।
- खेतियोग्य तथा सिंचाईयोग्य जमिनमा प्रर्याप्त सिंचाईको सुविधाको व्यवस्थाका लागि प्रदेश सरकार संघीय सरकारसंग सहकार्य गरिने छ।
- सिंचाई सुविधाका लागि वैकल्पिक कालिगण्डकी, आँधिखोला लिफ्टिङ सिंचाई पद्धतिको समेत प्रयोग गरिने छ।
- नगरको विभिन्न क्षेत्रमा बहुउपयोगी पुनर्जलिय Refill Tank निर्माण गरिने छ।
- सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको अध्ययन समेत गरिने छ।
- आक्वा सिंचाई योजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि गल्याङ १ मालुङ्गा र वडा नं.९ को वेलचौरसम्म सिंचाई सुविधा विस्तार गरिने छ।

## ९. सामाजिक सुरक्षा तथा समावेशिकरण सम्बन्धी नीतिः

- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत उपलब्ध गराउदै वित्तीय संस्थासंग सहकार्य गरी नागरिक पँहुचमा सेवा विस्तार गरिनेछ।
- शिक्षा तथा खेलकुद, स्वास्थ्य, खानेपानी तथा सरसफाई र सामाजिक सुरक्षा कार्यक्रम संचालन गरि सामाजिक विकासका सूचकहरुमा सुधार ल्याइने छ ।
- संघ सरकारको साझेदारीमा व्यक्तिगत घटना दर्ता शिविर संचालन गरिने छ साथै व्यक्तिगत घटना दर्ता तथ्याङ्क लाई डिजिटल भण्डार गर्ने कार्यलाई निरन्तरता दिइने छ।

- ५० बर्षभित्रका एकल महिलाहरुलाई सहकारीमा आबद्ध गराई क्षमता विकास गर्दै आत्मनिर्भर गराउन सामुहिक व्यवसायका लागि अनुदान उपलब्ध गराइनेछ ।
- अपांग, असाहय, एकल, अती विपन्न र सुकुम्बासी एव द्धन्द प्रवाभित नागरिकलाई आर्थिक विकासको कृयाकलापमा प्रोत्साहित गर्न उद्यमशिलतामा अनुदानको व्यवस्था गरिनेछ ।
- वोटे माझी गुरुङ्ग कुमाल मुस्लिमहरुको संस्कृति संरक्षणका लागि आर्थिक तथा सामाजिक विकासका विशेष कार्यक्रम संचालन गरिने छ।
- ८० वर्ष पार गरेका जेष्ठ नागरिकहरुलाई सम्मान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- ७५ वर्ष नाघेका जेष्ठ नागरिकहरुसंग नगरप्रमुखको भेटघाट कार्यक्रम संचालन गरी अनुभव तथा सुझाब संकलन गरिनेछ ।
- समाजमा ब्याप्त दाइजो प्रथा, बोक्सी प्रथा,जातिय छुवाछुत प्रथा हटाउने जस्ता सामाजिक कुरिती सामाजिक व्यवहार सुधारका कार्यक्रममा जोड दिइनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गरी विद्यालय, बस्ति र वडा हुँदै नगरलाई बालमैत्री नगर घोषणा गर्ने निति अवलम्बन गरिनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुका लागि चेतनामूलक कार्यक्रम, आर्थिक विकास तथा सामाजिक विकासका कार्यलाई विस्तार गरिने छ।
- विपन्न दलित राहत कार्यक्रम को रुपमा जिविकोपार्जनका लागि कार्यक्रम संचालन गरिने छ।
- दलित, जनजाती र महिलाहरुको जिवनस्तर सुधारका लागि समुह तथा सहकारीमा आवद्ध गराउदै विभिन्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।
- प्रत्येक वडामा कम्तिमा ५ जना अति विपन्न दलित परिवारलाई स्वरोजगार कार्यक्रम संचालन गरिने छ।

- ❖ नगरपालिका क्षेत्रभित्र रहेका जातजाति मध्ये मगर जातिको वाहुल्यता रहेको हुँदा मगर भाषालाई सरकारी कामकाजको बैकल्पिक भाषाको रुपमा प्रयोग गर्न आगामी श्रावण १ देखि अनिवार्य कार्यान्वयन गर्दै लगिनेछ ।
- ❖ मगर समुदायको उत्थान तथा विकासका लागि कल्लेरी को सरास्वती आ वि लखनथापा आ वि मगर भाषाको अध्ययपन गर्ने केन्द्रको रुपमा विकास गरिने छ।
- ❖ सांस्कृतिक र धार्मिक विविधतालाई नगरको सम्पदाको रुपमा अंगाल्दै यिनलाई संरक्षण र सम्वर्धन गर्ने नीति लिइनेछ ।
- ❖ लैंगिक हिंसा अन्त्य गर्न सचेतना कार्यक्रम संचालन गरी लैंगिक हिंसा मुक्त नगर घोषणा गर्ने तयारी गरिनेछ ।
- ❖ परम्परागत पेशा, संस्कृतिलाई संरक्षण गर्दै सामाजिक अध्ययन अनुसन्धान कार्यलाई अघि बढाइनेछ ।
- ❖ सामाजिक बिकासमा लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिनेछ ।
- ❖ उत्पीडित दलित समुदायलाई कानून बमोजिम सुधारका कार्यक्रम अगाडि बढाइने छ।
- ❖ विपन्न नागरिक आवास निर्माण कार्यलाई निरन्तरता दिइने छ।
- ❖ गरिव संग विश्शेवर कार्यक्रमलाई सशक्तिकरण गरि थप वडाहरुमा विस्तार गरिने छ।गरिव संग विश्शेस्वर कार्यक्रमलाई र पुष्पलाल अध्ययन केन्द्रलाई सशक्त बनाई सामाजिक रुपान्तरण र **आपतविपदमा पुष्पलाल** कार्यक्रम अगाडी बढाइने।
- ❖ गल्याङ नगरपालिकालाई पूर्ण रुपमा छुवाछुत मुक्त नगरपालिका बनाउनका लागि सबै वडा हरुमा सचेतना कार्यक्रम संचालन गरिने छ।
- ❖ लैगिक समानता तथा समावेशिकरणका लागि कोषको स्थापना गरिने छ।
- ❖ नगर भित्रका विपन्न नागरिक संरक्षण कार्यक्रम संचालन गरि आर्थिक तथा सामाजिक रुपमा कमजोर समुदायका लागि विभिन्न रोग महामारी र विपदबाट संरक्षण गर्न आर्थिक सहायता तथा वस्तुगत सहायता प्रदान गरिने छ।

**१०.खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिः**

- स्वच्छ खानेपानीको सहज पँहुचका लागि ***एक घर एक धारा*** कार्यक्रमलाई बिस्तार गरिनेछ ।
- एक घर एक धारा खानेपानी योजना लाई निरन्तरता दिइने छ।
- खानेपानीका मूल संरक्षण गर्दै साझा सम्पदाको रुपमा विकास गरिने छ ।
- पुर्ण सरसफाइयुक्त बस्तिहरुको घोषणालाई निरन्तरता दिदै पुर्ण सरसफाइयुक्त नगर बनाउने गरी सरसफाइको कार्यक्रमका साथ सचेतना विस्तार गरिनेछ ।
- सरसफाइको पहिलो शर्त खानेपानी भएकोले खानेपानी व्यवस्थापनका लागि सहकार्य गर्न आवश्यक समपुरक कोषको व्यवस्था गरिनेछ ।
- निर्माण भएका सार्वजनिक शौचालयलाई थप व्यवस्थित गर्दै आवश्यकता अनुसार निर्माण गर्दै लगिनेछ ।
- सुख्खाग्रस्त क्षेत्रहरुका पोखरीहरु पुनर्भरण तथा मर्मत सम्भार गरिने छ।
- नगर भित्रका खानेपानी उपभोक्ता समितिहरुलाई एकिकृत गरि लिंफ्टिङ खानेपानी योजनाहरुको विद्युत महशुल तथा अन्य लागतमा ५० प्रतिशत अनुदान दिइने छ।

**११. श्रम तथा रोजगार सम्बन्धी नीतिः**

- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम र स्थानीय तहको साझेदारीमा वेरोजगार युवाहरु मार्फत स्वंयमसेवापरिचालन गरि शिक्षा, कृषि, स्वास्थ्य, पूर्वाधार विकास, खानेपानी संरचना निर्माण गरिने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र नगरपालिको सहकार्यमा रोजगारीका लागि सहुलियतपूर्ण कर्जा प्रवाह मार्फत स्वरोजगार कार्यक्रम संचालन गरिने छ।
- स्थानीय तहमा आवश्यक प्राविधिक जनशक्ति तयार गर्न प्राविधिक विद्यालय संचालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गरिने छ।

- दक्ष कामदार तयार गर्न नगरभित्रका नागरिकहरुलाई वैदेशिक तालिम चीन, भारत, दक्षिण कोरिया, जापान, इजरायल जस्ता देशहरुमा तालिमका निम्ति नगरपालिकाले सिफारिस गरि पठाउने नीति अवलम्बन गरिने छ।
- स्वरोजगार सृजना गरि वेरोजगार युवाहरुलाई रोजगारी दिने संघ, संस्था, फर्म वा व्यक्तिलाई नगरस्तरिय कार्यक्रममा सम्मानित गर्ने व्यवस्था गरिने छ।
- कोभिड-१९का कारण रोजगार गुमेका नागरिकहरुको लागि व्यवसायिक कृषि तथा पशुपालन मार्फत स्वरोजगारका कार्यक्रम संचालन गरिने छ।
- कोभिड-१९ का कारण मृत्यु भएका घरपरिवारका वालवालिकाहरुको लागि विशेष छात्रवृति प्रदान गरिने छ।साथै प्राविधिक शिक्षा हासिल गरेका युवाहरुलाई रोजगारी प्रदान गरिने छ।

## १२.युवा तथा खेलकुद सम्बन्धी नीतिः

- राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने नारा सार्थक तुल्याउन नगरभित्र विभिन्न खेलकुद पूर्वाधार तयार गर्ने नीति लिइने छ।
- राष्ट्रपति रनिङशिल्ड र मेयरकप खेलकुद कार्यक्रम संचालन गरि युवा तथा वालवालिकाको खेल प्रतिको प्रतिस्पर्धी क्षमता विस्तार गरिने छ।
- युवाहरुमा स्वरोजगार उन्मुख गराउन युवा उद्यमशिलता प्रवर्धन कार्यक्रमम संचालन गरिने छ।
- गल्याङ युवा क्लव खेलमैदन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरिने छ।
- युवाहरुमा नेतृत्व विकास गरि आपसी सहयोग समन्वय र सहकार्यको भावना विकास गर्न युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यासको सुरुवात गरिने छ।
- एक वडा एक खेलकुद पूर्वाधार निर्माणको थालनी गरिने छ।
- ***एक वडा एक खेलमैदान*** निर्माण गर्न संघ र प्रदेश सरकार संग सहकार्य गर्नुका साथै खेलकुद क्षेत्र बिकासका लागि नगर स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिने छ ।

❖ संघिय सरकारसंग समन्वय गरी युवाहरुलाई खेलकुदको विषयमा विषेश शिक्षा उपलब्ध गराउन खेलकुद विश्वविद्यालयको सम्बन्धनमा खेलकुद एकेडेमी संचालन गर्न पहल गरिने छ ।

**१२. पुर्वाधार विकास सम्बन्धी नीतिः**(उर्जा,सडक, पूल, भवन, शहरी विकास, ढल)

❖ पुर्वाधार विकास सम्बन्धी नीति, गुरुयोजना तथा मापदण्ड बनाई लागु गरिनेछ।

❖ वडा नं.३र ११ मुड्किल्ला मा नगरस्तरिय अत्याधुनिक सुविधा सहितको वसपार्क निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार र आवश्यक जग्गा व्यवस्थापन गरि यसै आ. व.मा संचालनमा ल्याइने छ।

❖ पुर्वाधार विकास कार्य वातावरण मैत्री, अपांग मैत्री, महिला तथा बाल मैत्री बनाइनेछ ।

❖ नगर क्षेत्रभित्र स्थानीय सडक, पक्कि पुल, झोलुंगे पुल, सिंचाई कुलो तथा पोखरी, सार्वजनिक तथा सामुदायिक भवन निर्माणमा जोड दिदै वस्ति बिकास, ढल निकास र सहरी विकासका कार्यक्रमको बिस्तार गरिनेछ ।

❖ नगरपालिकाभित्र नयाँ सडक निर्माण गर्दा स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्ने निति अवलम्बन गरिनेछ ।

❖ बैकल्पिक उर्जाको विकासमा समेत आवश्यक अध्ययन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

❖ नगरस्तरीय सडकलाई मापदण्ड अनुसार विस्तार र स्तरोन्नति गरी राष्ट्रिय राजमार्गको भरपर्दो फिडरको रुपमा बिस्तार गरिनेछ । मापदण्ड नपुगेका सडकलाई गोरेटो बाटोको रुपमा नामाकरण तथा विकास गरिनेछ ।

❖ आगामी ३ वर्ष भित्र वडाका केन्द्रलाई कालोपत्रे सडकले जोड्ने गरि कार्यक्रम कार्यान्वयनका लागि संघ र प्रदेशसंग सहकार्य गरिनेछ ।

❖ पूर्वाधार विकासमा सार्वजनिक निजि साझेदारीलाई प्रोत्साहित गर्दै लागत सहभागितामा उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गरि विकासमा नागरिकको अपनत्व वृद्धि गरिनेछ ।

- कालिगण्डकी करिडोरको वैकल्पिक मार्ग बनाउनका लागि संघ तथा प्रदेश सरकारको लागत साझेदारीमा वडा नं. १ को उत्तरवाहिनी खाडा घाट र फाँटढावमा कालिगण्डकी नदिमा मोटरेवल पुल निर्माण गरिने छ। शालीग्राम करिडोरको गल्याङ खण्डामा (चौर धाङलिङ्- वेल्टारी-टुकुनचौर-मोहनडाडाँ सेतिवेणी) विस्तार तथा नया ट्र्याक् निर्माण गरिने छ।
- नगरपालिकाको केन्द्र रहेको गल्याङ बजारको खानेपानी तथा ढल निकासको समस्या समाधान गरी सार्वजनिक शौचालय निर्माण गर्दै बजारलाई व्यवस्थित र पूर्वाधारयुक्त बनाइनेछ ।
- नगर क्षेत्रभित्र एकिकृत नमुना वस्तिको विकाससंगै वस्ति व्यवस्थापनलाई गुरु योजना मार्फत व्यवस्थित गरिनेछ ।
- नगरपालिकाका मेशिनरी औजार प्रयोग गरि स्थानीय सडकहरुको बिस्तार तथा स्तरोन्नति गरिनेछ ।
- आफ्नै वडा कार्यालय भवन नभएका वडा नं. २,४, ५ र ८ को कार्यालय भवन निर्माण यसै आ व भित्र सम्पन्न गरिने छ।
- गल्याङ निवुवाखर्क रुपाखानी मोहनडाडा जलुके तम्किकोट श्यालबास हुँदै सेतिबेणी जोड्ने सडक, गल्याङ कल्लेरीभन्ज्यांग पिडिखोला हुँदै सेतिबेणी जोड्ने सडक,गल्यांङ गराङ्दी रिप गुठि इलूँगा मोतिचौर हुँदै मोहनडाँडा सडक र गल्याङ तुलासिभन्ज्यांग तिन्दोबाटे हुँदै पकवादी जोड्ने सडक करादी तिनदोबाटे साङ्लिया सडकलाई नगर गौरवको आयोजनाको रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- गल्याङ पटकाङ निवुवाखर्क मोहनडाडाँ सडक खण्डमा संघिय सरकारको सहलगानीमा सडक स्तरोन्नती गरि कालोपत्रे गरिने छ।
- गल्यांङ गराङ्दी रिप गुठि इलूँगा मोतिचौर हुँदै मोहनडाँडा सडकको अध्ययन प्रतिवेदन तयार गरि विद्यमान सडक स्तरोन्नति र थप नयाँ ट्र्याक निर्माण गरिनेछ ।
- पाखिचौर हुगीघाट पुल जोड्ने सडक स्तरोन्नतिका लागि प्रदेश र नेपाल सरकारसंग सहकार्य गरिने छ ।

- नगर भित्रका विभिन्न वडाका स्थानीय गोरेटो तथा सडक स्तरोन्नतिका लागि प्रदेश र नेपाल सरकार संग सहकार्य गर्दै स्थानीय श्रोत परिचालन गरिने छ ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ को पूर्ण पालना गरिने छ।टोल विकास संस्थाहरुलाई आवश्यक अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ।
- गल्याङ चक्रपथ निर्माण गरी लल्याङ बल्पु मुड्किल्ला गल्कोट बमभञ्ञयाङ वजार क्षेत्र घोषणा गरि एकिकृत नमुना वस्ती निर्माणका लागि परियोजना प्रतिवेदन तयार गरिने छ।
- वि पि स्मृति भवन वल्पुक र पुष्पलाल अध्ययन केन्द्र भवन निर्माणका लागि आवश्यक व्यवस्था गरिने छ।
- चालु आ.व.२०७७/०७८ मा सडक विस्तार तथा फराकिलो गर्दा भुक्तानीः गर्न बाकी रहेको रकम भुक्तानीका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।
- यस गल्याङ नगरपालिकालाई खरको छानामुक्त बनाउनको लागि यसै आ.व.भित्रमा सबै खरको छाना भएका घरहरुलाई जस्तापातामा रुपान्तरण गरिने छ उक्त कार्यका लागि जस्तापाता अनुदानको व्यवस्था मिलाइने छ।
- सिकर्मी, डकर्मी, निर्माण व्यवसायी तथा उपभोक्ता समुहलाई क्षमता विकास कार्यक्रम संचालन गरि दक्ष बनाइने छ।

## १३.सूचना प्रविधि तथा संचार सम्बन्धी नीतिः

- **BULK SMS SYSTEM** सेवा सुरु गरि महत्वपूर्ण सूचना तथा मिटिंङ, भेला एवं अन्य कार्यक्रमको जानकारी मोबाइलमा आउने गराइनेछ।
- विद्युतीय शासनको महत्वपुर्ण साधनको रुपमा तयार गरिएको गल्याङ नगरपालिकाको एन्ड्रोइड एप्लिकेसन प्रयोगगरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिने छ।
- कृषि तथा पशुपालन व्यवसायमा आबद्ध हुने गरि नगरपालिका भित्र कम्तिमा २०० कृषक समुह गठन गरी तालिम मार्फत सक्षमता अभिवृद्धि गरिने छ।

- कक्षा ८ को परिक्षा संचालनका लागि सफ्टेवरको विकास गरि अनलाईन नतिजा प्रणालि संचालनमा ल्याइने छ।
- सबै स्वास्थ्य संस्थामा इन्टरनेट सेवा उपलब्ध गराई IOT माध्यमबाट रिपोटिङ गर्ने व्यवस्था गरिने छ।
- सूचना तथा संचार प्रविधिलाई पूर्वाधार विकास संगैसंगै प्रयोगमा लगिनेछ ।
- नगरका विभिन्न स्थानलाई Free Wifi Zone बनाइ सूचना प्रविधिको क्षेत्रको कार्यलाई निरन्तरता दिइने छ।
- अनलाईन दर्ता चलानी, डिजिटल डिस्प्ले प्रणाली विकास गरिनेछ। केन्द्रीकृत वेव वेस्ड ई-हाजीरी जडान गरि नगरपालिका, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहमा एकरुपता कायम गरि चुस्तदुरुस्त बनाइने छ।
- सूचना प्रविधिमा आधारित राजस्व संकलन तथा आम्दानि खर्चको व्यवस्थित अभिलेख प्रणाली विकास गरिनेछ ।
- नगरपालिकाको इन्टरनेट स्पीड बढाई कार्यालय परिसरमा फ्री वाईफाईको व्यवस्था गरिनेछ ।
- नगरपालिका परिसरमा सूचना प्रविधि तथा तालिम कक्षको स्थापना गरिने छ सामाजिक परिवर्तनका लागि प्रदेश संग समन्वयमा कार्यक्रम संचालन गरिने छ।
- नगरपालिका भित्रको दर्ता चलानी तथा महत्वपूर्ण कागजपत्रलाई दिर्घकाल सम्म जोगाइराख्न अफिस अटोमेशन प्रणाली को विकास गरिने छ।

## १४.वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिः

- दिगो विकासको लक्ष अनुरुप बन तथा भुसंरक्षण, जलाधार संरक्षण तथा जलउत्पन्न प्रकोप नियन्त्रण,जलबायु परिवर्तन अनुकुलित वातावरण संरक्षण, फोहरमैला व्यवस्थापनका साथै विपद व्यवस्थापनमा जोड दिइनेछ ।
- स्वच्छ र हरियाली वातावारणका लागि सार्वजनिक स्थलमा वृक्षरोपण गर्दै आधुनिक उद्यानको निर्माणमा जोड दिइनेछ ।

- वन कार्यालय तथा  कृषि सहकारी अन्य सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिने छ।
- Hi tech प्रविधिको प्रयोग गरी नगर भित्र हुने भूस्खलन बाढी पहिरो आगलागि भुकम्प आदि जस्ता प्राकृतिक  विपत्तीको Mapping गरिने छ।
- वन क्षेत्रको विकासको लागि सामुदायिक वनमा पुरानो काठ कुकाठलाई हटाई अति उपयोगी र बहुमुल्य काठको विकास गर्न वृक्षारोपण गरिने छ। प्रत्येक वडामा १वटा जडिवुटी अध्ययन अनुसन्धान तथा संकलन केन्द्र बनाइने छ।
- समुदायमा आधारित बन व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै बनक्षेत्रमा रहेका जडिबुटी पहिचान,संकलन र बजारीकरणका लागि आवस्यक अध्ययन कार्य आगाडी बढाइनेछ ।
- सामुदायिक वनलाई नागरिकको अधिकतम पहुँचमा ल्याउनको लागि जिल्ला वन कार्यालय, स्थानीय जनता र नगरपालिका विचमा समन्वय गरि कृषि वन पर्यटकिय वन धार्मिक वनका रुपमा विकास गरिने नीति अवलम्बन गरिने छ।
- सामुदायिक वनको रुपमा परिणत हुन बाँकी वनलाई कार्ययोजना बनाई सामुदायिक वन विस्तारमा जोड दिइने छ।
- बन चरनक्षेत्र सिमसार र जैविक विविधता समेत संवोधन हुने गरि दिगो वन व्यवस्थापनका लागि जैविक स्रोत संरक्षणलाई प्राथमिकता दिइने छ।

- वातावरण संरक्षण तथा विपद व्यवस्थापनका लागि कार्यविधिबाट व्यवस्थित गर्ने गरी विपद व्यवस्थापन कोष स्थापना गरी परिचालन गरिनेछ
- वातावरण संरक्षण, शहर एवं वस्ति सरसफाईका साथै विपद व्यवस्थापनमा युवा स्वयंसेवकको परिचालन गरिनेछ ।
- नगर क्षेत्रमा फोहरमैला व्यवस्थापन कार्यलाई थप प्रभाबकारी बनाइ शुन्य फोहरको लक्ष्य साथ कार्यक्रम संचालन गरिनेछ।

## ६.संस्थागत विकास, सेवा प्रवाह  र सुशासन सम्बन्धी नीतिः

- ❖ नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाहका लागि जनसहभागिता, सेवा प्रवाह विधि, संरचनागत व्यवस्था, सेवाको सुरक्षा जस्ता पक्षहरुलाई अंगिकार गरिनेछ ।
- ❖ सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई सरलीकृत गरिनेछ ।
- ❖ नागरिकमैत्री प्रशासन बनाउनका लागि नागरिक र कर्मचारी विच अन्तर्किया कार्यक्रम संचालन गरिने छ।
- ❖ नगरपालिकाले सम्पादन गरेका कार्यहरु पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिंदै विद्युतीय शासनको अवधारणा अवलम्वन गरिनेछ ।
- ❖ नगरपालिकाले सम्पादन गर्ने कार्यहरुमा विचौलियाको प्रभाव शुन्य गर्न स्थापना गरिएको हेल्प डेस्कलाई र गुनासो सुन्ने अधिकारीको कामकाजलाई प्रभावकारी बनाइनेछ ।
- ❖ नगरपालिकाले सम्पादन गर्ने कार्य वा सम्पन्न भैसकेको कार्यहरुको विवरण समयमै आम सर्वसाधारणमा पुर्याउनको लागी स्थानीय टेलिभिजन,एफएम पत्रपत्रिकासंग समन्वय गरी जनउत्तरदायी कार्यक्रम चलाउने नीति अंगिकार गरिनेछ ।
- ❖ नगर वासिको जिवनस्तर मापन गर्ने वित्तिय साक्षरता कार्यक्रम संचालन गरी वित्त व्यवस्थापन सम्बन्धि कार्यक्रम संघ र प्रदेश सरकारको सहकार्यमा अगाडी बढाइने छ।
- ❖ खर्चको विवरण वेवसाइट मार्फत सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिने छ भने आन्तरिक लेखा परीक्षण लाई प्रभावकारी बनाइने छ।
- ❖ स्थानीय संचार माध्यमलाई प्रवर्धन गर्दै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिकपरिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ यस नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा रहेका नागरिक वडापत्रहरुलाई अध्यावधिक गरि डिजिटल वडापत्रमा रुपान्तरण गरिनेछ ।
- ❖ नगरसभा तथा कार्यपालिकाबाट नयाँ कानून निर्माण तथा पुराना कानून परिमार्जन गरि कानुनको शासन स्थापित गर्दै भ्रष्टाचार विरुद्ध सुन्य सहनशीलताको नीति अनुसरण गरिनेछ ।

- ❖ सम्पूर्ण निजामती कर्मचारी शिक्षक तथा अन्य   नगरपालिकामा कार्यरत सम्पूण कर्मचारी/राष्ट्रसेवकहरुलाई नेपाल सरकारको निर्णय अनुसार रु.२००००/- वृद्धि गरिने छ।
- ❖ नगरसभा वा कार्यपालिकाले अनुमोदन गरेका ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि, आदेशपत्र वा नगरपालिकाले प्रदेश सरकार, नेपाल सरकारसंग गरेका सम्झौताहरु राजपत्रमा प्रकाशित गरि सर्वसाधारण समेतलाइ नियमानुसारको सशुल्क/निशुल्क उपलब्ध गराइनेछ ।
- ❖ नगरपालिकाले सम्पादन गर्ने कार्यको हकमा आम नगरवासी र कार्य सम्पादन गर्दा पालना गर्नुपर्ने आचरण एवं आचारसंहिताको विषयमा पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीलाइ अभिमुखीकरण तालिम संचालन गरिनेछ ।
- ❖ नगरपालिका अन्तर्गत कार्यरत उत्कृष्ट कार्यसम्पादन भएका जनप्रतिनिधि,कर्मचारी, शिक्षक, उपभोक्ता समितिलाई नगरसभाबाट प्रोत्साहन स्वरुप **पुरस्कार** प्रदान गरिनेछ ।
- ❖ नगरपालिकाको प्रशासकीय भवन  निर्माण सम्पन्न गरि नगरपालिका कार्यालय सोही भवनमा स्थानान्तरण गरिने वडा कार्यालय भवन नभएका वडाहरुमा जग्गा प्राप्ति गरी भवन निर्माण कार्य आगाडी बढाइनेछ ।
- ❖ सेवा प्रवाहमा आवश्यक श्रोत साधनको व्यवस्थापन गरी सम्पुर्ण कर्मचारीलाई प्रोत्साहित गर्दै प्रभावकारी रुपमा जनमुखी सेवा प्रवाह गरिनेछ । कार्यपालिकाबाट निर्धारित कार्यविधि बमोजिम कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराइने छ।
- ❖ सरकारी खर्च व्यवस्थापनलाई नतिजामुलक बनाउदै आन्तरिक श्रोत परिचालनमा वृद्धि गरिनेछ ।

**नगरसभाका सदस्यहरु,**

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चरको आर्थिक वृद्धि माहामारीको असर न्यून सामाजिक आर्थिक क्षेत्र गतिशिल भृ आर्थिक वृद्धि र

पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुने छ।यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु।

यि नीति तथा कार्यक्रम प्रस्ताव गर्दा संघ,प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी विकासलाई समावेशी र समन्यायिक बनाउदैं जनशक्ति विकास, रोजगारी श्रृजना र शुसासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखिएको छ । वर्तमान संकटबाट उन्मुक्ति प्राप्त गर्न आर्थिक पूनर्उत्थानलाई जोड दिने राजनीतिक उपलब्धिलाई संस्थागत गरी मुलुकको समग्र आर्थिक-सामाजिक विकासमा आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचारजगत तथा सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद । ।**